आज मिति २०७७१२।२३ गतेका दिन यस बेनिघाट रोराङ गाउँपालिकाका अध्यक्ष एव्म गाउँ शिक्षा समितिका अध्यक्ष श्री पित्त बहादुर डल्लाकोटी (हरी) ज्यूको को अध्यक्षतामा तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँ शिक्षा समितिको बैठक बसी देहाय अनुसारका निर्णयहरु गरियो ।

गाउं शिक्षा समितिका सदस्यहरुको उपस्थिति

१. श्री पित्त बहादुर डल्लाकोटी (हरि) – अध्यक्ष
२. श्री लक्ष्मण प्रसाद भट्टराई– सदस्य
३. श्री भुवन त्रिपाठी सदस्य– सदस्य
४. श्री रोशन कुमार सिलवाल – सदस्य
५. श्री कमला राना – सदस्य
६. श्री शेरबहादुर अधिकारी– सदस्य
७. श्री कल्पना सिलवाल– सदस्य
८. श्री हेमनाथ थपलिया –सदस्य
९. श्री देवकृष्ण आले –सदस्य
१०. श्री बोधराज पाठक– सदस्य सचिव

आमन्त्रित सदस्य :

१. श्री देवी प्रसाद सिलवाल – उपाध्यक्ष, बेनिघाट रोराङ गाउँपालिका
२. श्री रेष्टन कंडेल- अध्यक्ष , ने.रा.शि.सं बेनिघाट रोराङ गा. पा.
३. श्री ईश्वर रेग्मी - :अध्यक्ष ,अ .ने .शि .सं ,बेनिघाट रोराङ गा.पा.
४. श्री सत्यधर कंडेल - :अध्यक्ष ,शिक्षक संघ, बेनिघाट रोराङ गा. पा.
५. श्री केदार कुमार खड्का- योजना शाखा प्रमुख
६. श्री सन्तोष अर्याल– लेखा शाखा प्रमुख
७. श्री परशुराम घिमिरे - राजस्व शाखा प्रमुख
८. श्री माया कुमारी ढकाल– प्राविधिक सहायक, शिक्षा युवा तथा खेलकुद शाखा
९. श्री देवराज घलान– शिक्षक,श्री चन्द्रोदय मावि विशालटार
१०, श्री मणिराज गुरुङ – बेनीघाट रोराङ गा.पा.

Scanned with CamScanner

**निर्णय नं. १ -** शिक्षा विकास तथा समन्वय इकाई,धादिङको चलानी नम्बर ३४७ मिति २०७७।११।२८ को पत्रबाट यस गाउंपालिकालाई प्राप्त प्राथमिक तृतीय श्रेणीको ४ वटा करार र १ वटा राहत अनुदान कोटा मिति २०७७ कार्तिक २५ गतेको बसेको शिक्षक दरबन्दी मिलान सम्बन्धी कार्यदलको बैठकको निर्णय र शैक्षिक सत्र २०७७ को विद्यार्थी संख्याको आधारमा तपसिल बमोजिम हुनेगरी वितरण गर्ने र सम्बन्धित विद्यालयलाई तत् शिक्षक व्यवस्थापनको लागि परिपत्र गर्ने निर्णय गरियो ।

**तपसिल :**

| क्र.स. | विद्यालयको नाम | ठेगाना | दरबन्दी प्रकार | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री लालिगुराँस आ.वि. | बे.रो. २ | करार | १ | |
| २ | श्री सिंहदेवि आ.वि. | बे.रो. १ | करार | १ | |
| ३ | श्री सिद्धकाली आ. वि. | बे.रो. ६ | करार | १ | |
| ४ | श्री जलकन्या आ. वि. | बे.रो. १० | करार | १ | |
| ५ | श्री राष्ट्रिय आ. वि. | बे.रो. १० | राहत | १ | |

**निर्णय नं. २ -** धादिङ जिल्ला खेलकूद विकास समितिको चलानी नम्बर ४१ मिति २०७७।१२।१२ को परिपत्र समेतलाई ध्यानमा राख्दै यस पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, शहिद स्मृति खेलकूद प्रतियोगिता र मदन भण्डारी फुटबल तपसिल बमोजिम हुने गरी मिति २०७७।१२।३० देखि २०७८।०१।०४ सम्म सन्चालन गर्ने निर्णय गरियो ।

(क) मार्सलआर्ट तर्फ करांते, तेक्वान्दो र उसु बाहेकका तोकिएका खेलहरु सन्चालन गर्ने ।

(ख) राष्ट्रपति रनिङ शिल्ड कार्यविधि २०७६ र खेलकूद विकास समिति,धादिङको परिपत्र अनुसार खेल सन्चालन गर्ने ।

(ग) मार्क संकलन तथा सहभागी नाम दर्ता लगायत समग्र खेल सहजीकरण, व्यवस्थापन र अन्तिम प्रतिबेदनको जिम्मेवारी श्री चन्द्रोदय मावि ,विशालटारका शिक्षक देवराज घलानलाई प्रदान गर्ने निर्णय गरियो ।

(घ) ब्याच, ब्यानर, शिल्ड, मेडल, ट्रफी र प्रमाणपत्र तयारीको लागि श्री राजेन्द्र पाण्डे, सत्यधर कडेल, इश्वर रेग्मीलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

(ङ) खेलकूद सञ्चालनमा खटिएका रेफी, मार्क संकलक र निर्णायक लगायत अहोरात्र विशेष जिम्मेवारी बहन गर्ने व्यक्तित्वहरुलाई खाना, खाजा लगायत नियामानुसार पारिश्रमिक प्रदान गर्ने ।

(च) आयोजित खेलकूदको लागि श्री चन्द्रोदय मा.वि. विशालटारलाई संयोजक विद्यालय तोक्ने निर्णय गरियो ।

(छ) विजेता विद्यार्थीहरुलाई मेडलर प्रमाणपत्र र विजेता विद्यालयहरुलाई शिल्ड, प्रमाणपत्र र प्रथम हुने विद्यालयलाई रु. २५,०००।- दोस्रो हुने विद्यालयलाई रु. १५०००।- र तेस्रो हुने विद्यालयलाई रु. १०,०००।- नगदबाट पुरुस्कृत र सम्मान गर्ने ।

निर्णय नं. ३- शैक्षिक वर्ष २०७६ का लागि शैक्षिक सम्मान कार्यक्रम मिति २०७८।०१।११ गते तय गर्ने निर्णय गरियो ।

निर्णय नं. ४- यस शैक्षिक वर्ष २०७७ को कक्षा ८ को नतिजा प्रकाशन IEMIS को माध्यमबाट गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ - शैक्षिक वर्ष २०७६ मा लिइएको कक्षा ५ को सिकाइ उपलब्धि मापन परीक्षाको मोडेलमा यस वर्ष कक्षा ३ र कक्षा ५ मा लिने निर्णय गरियो ।

Scanned with CamScanner